# सिबिफिन बुलेटिन

वर्ष: ०४ । अंक: ०३ । कात्तिक २०८२

## यसभित्र


- आर्थिक वर्ष २०८२/०८३ को पहिलो त्रैमासका आर्थिक सूचकांक
- सरकारसँग हातेमालो गर्दै राष्ट्र निर्माण गर्न बैंक तथा वित्तीय क्षेत्र तयार
- जेनजी आन्दोलनपछिको परिवर्तित अवस्थाबारे सिबिफिन र गभर्नरबीच छलफल
- विस्तारित बैठक तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न
- सिबिफिन र काठमाडौं विश्वविद्यालयबीच सम्झौता, निर्देशित कर्जाबारे अध्ययन गरिने









Published by

Confederation of Banks and Financial Institutions Nepal (CBFIN)

CTC Mall, 9th Floor, Sundhara, Kathmandu-11, Nepal

Phone No.: 01-5354552

Email: cbfinepal@gmail.com | www.cbfinepal.com

# Key Financial Status







| | 2082 Asoj | 2081 Asoj |
|---|---|---|
| M Import | 468.08 bn | 380.75 bn |
| M Export | 72.78 bn | 38.38 bn |
| CPI Index | 1.47% | 4.82% |
| Remittance | 553.31 bn | 407.31 bn |
| BoP Surplus | 264.03 bn | 184.99 bn |
| FE Reserve | 2979.81 bn | 2232.28 bn |
| FEA Indicator | Imports 19.9 months (48.8% to GDP) | Imports 17.6 months (39.1% to GDP) |





# विस्तारित बैठक तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) को वार्षिक नीति तथा कार्यक्रमअनुसार कार्यसमितिमार्फत् भए गरेका विविध गतिविधिहरुबारे जानकारी गराउने, विद्यमान अवस्थामा उत्पन्न समस्या एवं चुनौतीहरुको न्यूनीकरण तथा समाधानका लागि पृष्ठपोषण लिने आसन्न राष्ट्रिय पर्वहरु - विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत्, छठलगायतको अवसरमा शुभकामनासमेत आदानप्रदान गर्ने उद्देश्यसहित मिति २०८२ भाद्र २२ गते काठमाडौंमा विस्तारित बैठक तथा शुभकामना आदानप्रदान कार्यक्रम सफलतापूर्वक सम्पन्न गरियो ।

सदस्य बैंक तथा वित्तीय संस्थाका अध्यक्षहरु, संचालक प्रतिनिधि, अध्येता र सचिवालयसहित ६४ जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा वरिष्ठ उपाध्यक्षले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य र अपेक्षाका विषयमा प्रकाश पार्नुभयो । उक्त कार्यक्रममा सिबिफिनले एसएनपी कन्सल्टिङ सर्भिसेससँगको सहकार्यमा गरेको **Enhancing Efficiency in the Nepalese Banking Sector through Cost Efficiency and Revenue Optimization** विषयक अध्ययन प्रतिवेदनको सारांश र निष्कर्षबारेमा अध्येता संस्थाका प्रतिनिधि श्री मुकुन्द सुवेदीले प्रस्तुति दिनुभयो । उक्त प्रस्तुतिपछि अध्ययन प्रतिवेदनका विषयमा सहभागीबीच छलफलसहित सवालजवाफसमेत गरिएको थियो ।

कार्यक्रममा परिसंघले तत्कालीन समयसम्म गरेका महत्वपूर्ण गतिविधिबारेमा तयार लिखित संक्षिप्त प्रतिवेदन महासचिव प्रचण्डबहादुर श्रेष्ठले प्रस्तुत गर्नुभयो भने विद्यमान अवस्थामा बैंक तथा वित्तीय क्षेत्रको स्थिति, प्रवृत्ति र चुनौतीबारेमा महानिर्देशक रोशन कोइरालाले रेखाचित्रमार्फत प्रष्ट जानकारी गराउनुभयो । उक्त प्रस्तुतिहरुपछि सहभागीहरुबीच व्यापक रुपमा सामूहिक छलफल गरी सहभागी अध्यक्ष तथा संचालकहरुको सुझाव तथा धारणा लिइएको थियो ।






कार्यक्रमको अन्त्यमा अध्यक्ष उपेन्द्र पौडेलले समापन मन्तव्य राख्दै विद्यमान अवस्थामा देखिएका व्यावहारिक एवं नीतिगत चुनौतीहरु, परिसंघले लिइहेका र प्रक्षेपण गरेका पहलकदमीबारेमा चर्चा गर्नुभयो । अध्यक्ष पौडेलले अर्थतन्त्र र बैंकिङ क्षेत्र चुनौतीपूर्ण मोडबाट गुज्रिरहेको भए पनि समाधान नै गर्न नसक्ने चुनौतीहरु नभएको उल्लेख गर्दै नियामक निकायले विषम् अवस्थालाई मध्यनजर गर्दै नीतिगत लचकता अपनाउनु पर्ने र बैंक तथा वित्तीय संस्थाहरुले पनि बैंकिङ अनुशासनको पालनामा विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।



















बैंक तथा वित्तीय संस्थाका अध्यक्ष तथा संचालकहरुले व्यक्त गर्नुभएका सुझावप्रति सम्मान व्यक्त गर्दै अध्यक्ष पौडेलले व्यक्त सुझावहरुलाई कार्यसमितिले शिरोपर गर्दै जाने र सम्भव भएसम्मका रणनीतिहरु अवलम्बन गर्दै जाने बताउँदै कार्यसमितिले लिने हरेक पहलहरुमा सबै सदस्य बैंक तथा वित्तीय संस्थाहरुको साथ, सहयोग र सहकार्य अनिवार्य हुने अपेक्षा व्यक्त गर्नुभयो । साथै, उहाँले कार्यक्रममा अमूल्य उपस्थिति जनाई कार्यसमितिलाई रायसुझावसहितको स्पष्ट दिशानिर्देश गर्नुभएकोमा सहभागी सम्पूर्ण अध्यक्ष तथा संचालक प्रतिनिधि र अध्ययन प्रतिवेदनका विषयमा विस्तृत जानकारी प्रदान गर्नुभएका अध्येताप्रति हार्दिक धन्यवादसमेत व्यक्त गर्नुभयो ।



# जेनजी आन्दोलनपछिको परिवर्तित अवस्थाबारे सिबिफिन र गभर्नरबीच छलफल

काठमाडौं । “जेन-जी” अभियन्ताहरूको आह्वानमा गत भाद्र २३ र २४ गते भएको आन्दोलन, आन्दोलनका क्रममा भएको मानवीय एवं भौतिक क्षति र पछिल्लो विकसित घटनाक्रमका बारेमा सिबिफिनका अध्यक्ष उपेन्द्र पौडेल नेतृत्वको टोलीले नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेलसमक्ष असोज ७ गतेका दिन भेटघाट गरी छलफल गरेको छ ।

उक्त भेटघाट तथा छलफलका क्रममा सिबिफिनका अध्यक्ष उपेन्द्र पौडेलले अभिव्यक्ति स्वतन्त्रता र सुशासनको माग लिएर भएको उक्त आन्दोलनका क्रममा कुत्सित उद्देश्य बोकेका स्वार्थ समूहहरुले सरकारी, सार्वजनिक र निजी सम्पत्तिमाथि मच्चाएको विध्वंश र गभर्नरज्यूको निजी निवासहरु समेत आगजनी तथा तोडफोड गरिएको घटनाप्रति दुःख व्यक्त गर्नुभयो । विगतको महाभूकम्प, कोरोनाकाल र विश्व राजनीतिमा घटेका विविध परिघटनाहरुको कारण शिथिल अवस्थामा रहेको मुलुकको अर्थतन्त्रले नेपाल राष्ट्र बैंक लचक एवं उदार मौद्रिक नीतिको आलोकमा गति लिँदै गर्दाको समयमा स्वार्थप्रेरित समूहहरुको आक्रमणबाट विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा समेत आगजनी र लुटपाट गरिँदा बैंकिङ क्षेत्र भयवित बनेको विषय गभर्नरसमक्ष राख्नुभयो ।

कहालीलाग्दो भौतिक एवं मानवीय क्षतिपछि खबौं रकम बराबरको क्षति मुलुकले व्यहोर्नु पर्दा अर्थतन्त्र थप संकटग्रस्त बनेको उल्लेख गर्दै अध्यक्ष पौडेलले आन्दोलनका क्रममा निजी सम्पत्तिमाथि अकारण भएको आक्रमणका कारण समग्र निजी क्षेत्र आक्रान्त बनेको र आम मानिसमा कोलाहल एवं अन्योलको स्थिति सृजना भएको बताउनुभयो । विद्यमान परिवर्तित अवस्था, युवा पुस्ताहरुको आवाज एवं आकांक्षा र वर्तमान आवश्यकताहरुलाई हृदयंगम गर्दै अर्थतन्त्रको पुनरुत्थानसहित राष्ट्रको नवनिर्माण र पुनर्निमाणको अभियानमा जुट्न र एकाकार भइ अगाडि बढ्ने विषयमा सहकार्य गर्न सिबिफिन र समग्र बैंक तथा वित्तीय संस्थाहरु सदैव तत्पर रहेको बताउँदै परिवर्तित विषम् अवस्थालाई मध्यनजर गर्दै नेपाल राष्ट्र बैंकबाट मौजुदा नीतिमा थप सहज र उदार नीति अवलम्बन गरिनुपर्ने विषयमा ८ बुँदे सुझाव गभर्नरसमक्ष पेश गर्नुभयो ।



गभर्नर पौडेलले जेन्जी आन्दोलनका माग जायज हुँदाहुँदै पनि आन्दोलनका क्रममा भएको क्षति अनपेक्षित रहेको उल्लेख गर्दै अन्तरिम सरकारको गठनसँगै अवस्था क्रमशः सामान्यीकरणतर्फ उन्मूख रहेको बताउनुभयो । क्षतिग्रस्त सम्पत्तिको पुनर्निर्माण एवं नवनिर्माणमा सरोकारवाला सबै बलियो सहकार्य विद्यमान अवस्थामा अपरिहार्य रहेको औल्याउँदै गभर्नर पौडेलले निजी क्षेत्रको हकमा सम्भव देखिएका सहुलियतसहितका व्यवस्थाहरु ल्याउन नेपाल राष्ट्र बैंकले गृहकार्य गरिरहेको जानकारी गराउनुभयो । गभर्नर प्रा.डा विश्वनाथ पौडेलले आफूप्रति व्यक्त सान्त्वना, वर्तमान विषम् परिस्थितिको बारेमा ब्रिफिङसहित समसामयिक विषयहरुमा सिबिफिनबाट प्राप्त सुझाव र सहकार्यका लागि सिबिफिनको आग्रहप्रति धन्यवाद व्यक्त गर्नुभयो । साथै, गभर्नर पौडेलले सिबिफिनबाट प्राप्त सुझावहरुको अध्ययन गरी महत्वपूर्ण सुझावहरुलाई कार्यान्वयनमा ल्याउन आवश्यक पहल अगाडि बढाउने र सिबिफिनसँग निरन्तर संवादमा रहने बताउनुभयो ।

गभर्नरको कार्यालय, नेपाल राष्ट्र बैंकमा भएको उक्त भेटघाट तथा छलफलमा सिबिफिनका वरिष्ठ उपाध्यक्ष राजेश उपाध्याय, उपाध्यक्ष कुश प्रसाद मल्ली, महासचिव प्रचण्ड बहादुर श्रेष्ठ र महानिर्देशक रोशन कोइरालाको सहभागिता रहेको थियो ।

# नवगठित सरकारसँग हातेमालो गर्दै राष्ट्र निर्माण गर्न बैंक तथा वित्तीय क्षेत्र तयार

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)ले भाद्र २९ गते एक विज्ञप्ति प्रकाशित गरी जेनजी आन्दोलनपछि नवगठित अन्तरिम सरकारसँग हातेमालो गर्दै राष्ट्र निर्माण गर्ने कार्यमा सहकार्य गर्न बैंक तथा वित्तीय क्षेत्र तयार रहेको बताएको छ । सुशासनको प्रत्याभूतिका लागि युवाहरुको पछिल्लो पुस्ता "जेन-जी" अभियन्ताहरूको आह्वानमा भएको आन्दोलनको क्रममा उत्पन्न कठिन एवं भयावह अवस्थाले अन्तरिम सरकारको गठनसँगै शान्तिपूर्ण अवतरण पाएको र मुलुक इतिहासकै कहालीलाग्दो क्षणबाट विस्तारै सामान्य अवस्थातर्फ उन्मुख भइरहेको समयमा सरकारसँग सहकार्य गर्न तयार रहेको सिबिफिनले विज्ञप्तिमार्फत बताएको हो ।

आन्दोलनको क्रममा देखिएका दुखद् एवं त्रासदीपूर्ण घटनामा अमूल्य जीवन अर्पण गरेका होनहार युवाहरुप्रति उच्च सम्मानसहित कर्तव्य पालनाका क्रममा जीवन गुमाएका सुरक्षाकर्मी तथा दिवंगत सम्पूर्णमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै सिबिफिनले सम्पूर्ण घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको हार्दिक कामना समेत व्यक्त गरेको छ ।

विगतको महाभूकम्प एवं कोरोनाकालको जर्जर अवस्थाबाट तंग्रिदै र अर्थतन्त्रले गति लिँदै गर्दाको समयमा नयाँ नेपालको सपना बोकेका युवाहरुको पवित्र उद्देश्यसहित आह्वान भएको आन्दोलनको क्रममा भएको मानवीय र निहीत स्वार्थप्रेरित आक्रमणबाट देशैभर सार्वजनिक, सरकारी एवं निजी सम्पत्तिमा भएको अपुरणीय क्षतिप्रति सिबिफिनले दुःख प्रकट गरेको छ । अत्यासलाग्दो मानवीय एवं भौतिक क्षतिका बाबजुद सुशासनयुक्त नवनेपाल निर्माणको नयाँ चरणमा प्रवेशका लागि स्पष्ट सन्देश दिएको र प्रस्थान विन्दु बनेको यस आन्दोलनको जगमा उभिएर युवा पुस्ताको आवाज र आकांक्षाहरुलाई प्रतिनिधित्व गरेर नवगठित सरकारसँग हातेमालो गर्दै शान्त, सुशासित एवं समुन्नत राष्ट्र निर्माणको अभियानमा एकाकार भई अगाडि बढ्न बैंक तथा वित्तीय क्षेत्र र यस क्षेत्रको छाता संस्था सिबिफिन सदैव तत्पर रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

त्यसैगरी आन्दोलनका क्रममा अकल्पनीय आक्रमण र क्षतिबाट विक्षिप्त बनेको निजी क्षेत्रलाई शान्ति र सुरक्षाको प्रत्याभूतिसहित मुलुकभित्रै लगानी गर्ने, पेशा, व्यवसाय एवं रोजगार गर्न पाउने उपयुक्त नीति एवं वातावरणको सृजना गरी समग्र निजी क्षेत्रमा आशा, ऊर्जा एवं उत्साह भर्नका लागि नवगठित नेपाल सरकारले कुनै कसर बाँकी नराख्नेमा विश्वास व्यक्त गर्दै, अर्थतन्त्रको आधारस्तम्भ र दिगो आर्थिक विकासको संवाहकको रुपमा रहेको बैंकिङ क्षेत्रका सेवाहरु सहज रुपमा संचालन गर्ने गराउने कार्यमा सहयोग गरिदिन सम्बन्धित सबैमा विज्ञप्तिमार्फत अपिलसमेत गरेको छ ।

# सिबिफिन र काठमाडौं विश्वविद्यालयबीच सम्झौता, निर्देशित कर्जाको विषयमा अध्ययन गरिने

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) र काठमाडौं विश्वविद्यालय, स्कुल अफ म्यानेजमेन्ट (कुसुम) अन्तर्गत वित्त, अर्थशास्त्र तथा लेखा विभागबीच सम्झौता भएको छ । बैंकिङ क्षेत्रमा जल्दोबल्दो र चुनौतीपूर्ण बन्दै गइरहेको परिवेशमा निर्देशित कर्जा लगानीको अवस्था, उपयोगिता र कुल ग्राहस्थ उत्पादनमा योगदान जस्ता विषयहरुमा केन्द्रित भएर Directed Lending and Its Impact on Economic Growth in Nepal शीर्षकमा गहन अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने सम्झौताको उद्देश्य रहेको छ ।

CONFEDERATION OF BANKS AND FINANCIAL INSTITUTIONS, NEPAL

बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले आफ्नो कुल कर्जा सापटको न्यूनतम ५ प्रतिशत र तोकिएका क्षेत्रहरु - कृषि, ऊर्जा र लघु, घरेलु, साना एवं मझौला उद्यमका क्षेत्रमा "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले फरक-फरक रुपले तोकिएबमोजिम कर्जा प्रवाह गर्नुपर्ने मौजुदा व्यवस्थालाई इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले अनुपालनसहित कर्जा प्रवाह गर्दै आइरहेका छन् । तथापि, हाल आर्थिक मन्दीको कारण यी क्षेत्रमा विभिन्न समस्या देखिँदै आएका छन् ।

जस्तैः- विपन्न वर्ग कर्जाको माग कम हुनु, आम्दानीमा गिरावट हुनु, कर्जाको उद्देश्यअनुरुप नहुने गरी लगानी गर्ने प्रवृत्ति बढ्नु, वास्तविक उद्यमीको पहिचान गर्न कठिनाइको सामना हुनु, कर्जा प्रवाह भएको क्षेत्रका अनुगमनमा कठिनाइ हुनु, तोकिएका क्षेत्रका ऋणिहरुको सौदाबाजी अधिक रहनु तथा सो क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुको निष्कृय कर्जाको अनुपात तीव्र गतिले बढिरहनुले पनि हाल विपन्न वर्ग तथा तोकेको क्षेत्रमा कर्जाको माग कम रहेको र कर्जा जोखिम तथा कर्जा असुलीको हिसाबले समेत जोखिमपूर्ण रहेको तथ्य विभिन्न माध्यमहरुबाट सार्वजनिक हुँदै आएको छ ।

यिनै विषयहरुलाई हृदयंगम गर्दै निर्देशित कर्जा लगानीको अवस्था के छ, कर्जाको सही सदुपयोग भएको छ कि छैन, कर्जाबाट तोकिएका क्षेत्रमा के कस्तो उपलब्धि प्राप्त भएको छ, कुल ग्राहस्थ्य उत्पादनमा योगदान के कस्तो छ र छिमेकी मुलुकहरुले के कस्ता अभ्यासहरु अपनाएका छन् भन्ने तुलनात्मक अध्ययनसहित अब निर्देशित कर्जाको आवश्यकता र औचित्यका विषयमा सुझावसहितको बहुपयोगी प्रतिवेदन तयार गरिने छ ।

मिति २०८२ श्रावण ५ गतेका दिन सिबिफिनका महानिर्देशक रोशन कोइराला र काठमाडौं विश्वविद्यालय, स्कुल अफ म्यानेजमेन्ट (कुसुम) अन्तर्गत वित्त, अर्थशास्त्र तथा लेखा विभागका प्रमुख डा. सविन विक्रम पन्तद्वारा हस्ताक्षरित उक्त सम्झौताअनुसार आउँदो डिसेम्बरसम्म प्रतिवेदन तयार गरी सार्वजनिक गरिने र सम्बन्धित निकायहरुमा पेश गरिनेछ ।